नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, भैरहवा

# अबैध मदिरा नियन्त्रण सम्बन्धी सूचना

## १. अबैध मदिरा भन्नाले

क) अन्तःशुल्क ऐन तथा नियमावली र मदिरा ऐन तथा नियमहरु बमोजिम लिनुपर्ने इजाजत पत्र नलिई वा पेटेन्ट स्टिल प्लान्टबाट उत्पादन नभएको स्प्रिट वा घरेलु प्रविधिको प्रयोग गरी उत्पादन गरिएको मदिरालाई अबैध मदिरा भनिन्छ । अन्तःशुल्क ऐन, नियम तथा मदिरा ऐन, नियममा तोकिएको प्रावधान भन्दा फरक ढंगले उत्पादन, ओसारपसार, संचय तथा बिक्री वितरण गर्ने काम समेत अबैध मदिराको कारोबार अन्तर्गत पर्दछ ।

ख) नियमानुसार अन्तःशुल्क टिकट टाँस नगरिएको मदिरा, स्वीकृती प्राप्त नगरेको ब्राण्ड तथा अर्काको ब्राण्ड नक्कल गरी उत्पादित मदिरा समेत अबैध मदिरा मानिन्छ ।

## २. अवैध मदिरा सम्बन्धी कसुर गर्नेलाई हुने सजायः

अन्तःशुल्क ऐन, २०५८ बमोजिम तिर्नुपर्ने अन्तःशुल्क दवाएमा, छुपाएमा वा छलेमा, इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने उत्पादन वा पैठारी गरेमा **बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुने** र अन्त शुल्क दवाए, छिपाए वा छलेमा, नक्कली अन्तःशुल्क टिकटका प्रयोग गरी मदिरा, चुरोट र सुर्तीजन्य वस्तुको उत्पादन, निष्कासन, विक्री वितरण, भण्डारण वा पैठारी गरेमा, स्वीकृती नलिएको ब्रान्डमा उत्पादन तथा निष्कासन गरेमा, रम, जिन, ब्राण्डी, भोड्का, ह्वीस्की भनि मदिरा उत्पादन गर्ने प्रतिष्ठानले २५ यु.पी. र ३० यु.पी. शक्ति भन्दा फरक हुने गरी उत्पादन गरेको पाइएमा,
**बिगो जफत गरी बिगोको दुईसय प्रतिशत जरिवाना वा एक लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ, सो जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुने ।**

**कोही कसैले अबैध मदिराको कारोबार नगरौं । अन्तःशुल्क इजाजतपत्र नलिएको घरपालुवा मदिराको उत्पादन, बिक्री बितरण र संचय समेत नगरौं । अबैध मदिराको कारोबार भएको थाहा हुनासाथ नजिकैको प्रहरी वा यस कार्यालयमा जानकारी दिई अबैध मदिरा नियन्त्रणमा सहयोग गरौं । गलत कार्य गरेमा कानून बमोजिम जरिवाना र कैद सजाय समेत हुन्छ ।**

**धन्यवाद !**

आन्तरिक राजस्व कार्यालय, भैरहवा EXT ☎ ०७१-५२०१७७, ०७१-५२०१४३, ०७१-५२०८५७, फ्याक्स ०७१-५२१७६३,
Email: iro24@ird.gov.np